प्रमाणित

**आर्थिक वर्ष २०८१/०८२ को बीसौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः**
**मितिः (२०८२/०२/०६)**

१: महालेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा,
२. आ.ब. २०८२/०८३ को बजेट मार्गदशन सम्बन्धमा,
३. विशेष नगर सभा आव्हान गर्ने सम्बन्धमा,
४. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.ब. ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन माथि दफाबार छलफल गरियो ।उक्त प्रतिवेदनमा उल्लेखित असुल उपर गर्ने र प्रमाण पेश गर्ने बेरुजुका विषयमा पछ्यौंटको कार्य शुरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र नियमित गर्ने बेरुजुहरु भिमाद नगरपालिकाको लेखा समितिमा छलफल गरी विशेष नगर सभामा पेश गर्ने नगर सभाबाट निर्णय भए बमोजिम वेरुजु नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आगामी आ.ब. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम निर्माणका लागि श्रोत अनुमान समितिले निधारण गरेको बजेट निर्माण सम्बन्धी मार्गदर्शन र बजेट सिलिङ भित्र रही वडागत र शाखागत बजेट तथा कार्यक्रम निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल भिमाद नगरपालिक नगर कार्यपालिकाको विशेष नगर सभाको अधिवेशन मिति २०८२/०२/२१ गते आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस अघि कार्यपालिकाको बैठकबाट जिदी खोला तटबन्ध योजना कार्यान्वयन गर्न बाँकी रहेको बजेट रकम मध्यबाट बिर्ता वाध संरक्षण योजनाको लागि रु २,५०,०००/- अक्षेरुपि दुई लाख पचास हजार र जिदी खोला तटबन्ध योजनको लागि रु

१,५०,०००/- अक्षेरुपि एक लाख पचास हजार हुनु पर्नेमा अन्यथा भएकोले यसै बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अठ्ठाईस बाहुन्दी मोटर मार्ग स्तरोन्नती योजनाको लागि वार्षिक नगर विकास योजना भिमाद नगरपालिका वडा नं. ५ को सी.नं. ४४ वडा समितिको निर्णय अनुसार सडक लगायत अन्य भोतिक पूर्वाधार निर्माण तथा मर्मत संभार योजना शिर्षक बाट वडा समितिले रु १,००,०००/- अक्षेरुपि एक लाख छुटाएको सो योजनाको लागि वान्टयाङ खोलामा रहेको कल्भर्टको माथिल्लो भागबाट प्राविधिक प्रतिवेदन बमोजिम १००(एक सय) घन मिटर चोकर नियम अनुसार राजश्व रकम दाखिला गरी उक्त अठ्ठाईस बाहुन्दी मोटर मार्ग स्तरोन्नती योजनामा प्रयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वैशाख, जेठ र असार महिनामा फिल्ड भत्ता शीर्षकमा नपुग हुने रकम तपसिल बमोजिम शीर्षकबाट रकमान्तर निर्णय गरियो ।

तपशिल

| क्र.स. | रकमान्तर गरी रकम घट्ने शिर्षक | रकमान्तर हुने रकम रु | रकमान्तर गरी रकम थप हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी (सि.नं. १बाट) | १,२५,०००/- एक लाख पच्चिस हजार मात्र | फिल्ड भत्ता सि. न. ६ | |
| २ | करार सेवा शुल्क(नगर प्रहरी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी समेत सि.न. २८ बाट | १०००००/- एक लाख मात्र | | |

**निर्णय नं. ७**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अवैध रुपमा नदिजन्य पदार्थ तथा अन्य प्राकृतिक स्रोतको चोरी निकासी रोकन नेपाल प्रहरी तथा नगरप्रहरी परिचालन गर्नु पर्ने भएको हुदाँ नदिजन्य पर्दाथ तथा अन्य प्राकृतिक स्रोत चोरी गरेको साधन पक्राउ गरेको आधारमा जरिवाना रकमको २५ प्रतिशत रकम नेपाल प्रहरी र नगर प्रहरीलाई प्रोत्साहन बापत पुरुस्कार दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा नदिजन्य पदार्थ अनुगमन समितिबाट अनुगमन गर्ने सिल्लसिलामा मिति २०८२/०२/०५ मा अनुगमान गर्दा ठेक्का नलागेको तल्लो गेरुवा घाटबाट अवैध रूपमा उत्खनन गरी सो घाट नजिक सार्वजनिक स्थलमा थुपाएर राखेको गिटी बालुवा प्राविधिक बाट नाप जाँच गराउँदा ६७१.८६ घनमिटर देखिएकोले र उक्त गिटी बालुवा लिलाम गर्न मिति २०८२/०२/०१ मा सूचना प्रकाशन गरिएककोमा नगर प्रहरीको मिति २०८२/०२/०५ गते उक्त नदिजन्य पदार्थ चोरी भएको जानकारी प्राप्त हुन आएकोले नदिजन्य पदार्थ अनुगमन समिति र नेपाल प्रहरी नगर प्रहरी समेत बाट अनुगमन गर्दा बरामद गरिएको नदिजन्य पदार्थ चोरी भएको र ८२.३० घन मिटर मात्र बाँकी भएको देखिएकोले मिति २०८२/०२/०५ गते मुचुल्का खडा गरी बाँकी रहेको नदिजन्य पर्दाथ नगर कार्यपालिका परिसरमा ल्याई सुरक्षित राखिएको हुँदा नगर कार्यपालिकाको कार्यालयले मिति २०८२/०२/०२ मा प्रकाशन गरिएको सूचना रद्द गरी बाँकी परिमाण लिलामको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ६ वडा समितिको निर्णय बमोजिम सडक लगायत अन्य भौतिक पूर्वाधारहरू निर्माण तथा मर्मत संभार शीर्षकबाट वडा समितिको निर्णय अनुसार प्राविधिक लागत अनुमान अनुसार जनज्योति क्याम्पसको ट्रस मर्मत गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विपदमा परेका व्यक्तिहरूको व्यवस्थापन गर्नको लागि विपद प्रभावित निजी आवास प्रवलीकरण पुननिर्माण तथा पुनस्थापन अनुदान कार्यविधि, २०८१ तयार मस्यौदा पेश गर्ने गरी विधेयक समितिलाई सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।